अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान, २०५६

(संशोधन सहित)

प्रस्तावना :

ग्रामीण परिवेशमा सर्वसुलभ र गुणस्तरीय शिक्षालाई अमर ज्योति शिक्षा दर्शनको रुपमा राष्ट्रिय स्तरमा उजागर गर्न अमर ज्योति जनता माध्यमिक विद्यालय, लुइंटेल, गोरखाको गौरवमय इतिहासलाई मनन् गर्दै सो विद्यालयको गुणस्तरलाई अझै अभिवृद्धि गर्दै लैजाने कार्यमा पूर्व विद्यार्थीहरुको सामूहिक शीप, अनुभव र जांगरको समुचित प्रयोग गर्न र उनीहरुबीच आपसी सम्पर्क, सहयोग, सद्भाव र मैत्री कायम राख्नु वाञ्छनीय भएकोले यसका लागि संस्थागत प्रयासको थालनी गर्न "अमर ज्योति पूर्व विद्यार्थी समाज (**Society of Amar Jyoti Alumni-SAJA)**" को भेलाले यो विधान बनाई जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस विधानको नाम "अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान, २०५६ **(Statute of the Society of Amar Jyoti Alumni, 2000)**" रहनेछ ।

(ख) यो विधान प्रचलित कानूनबमोजिम दर्ता भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा -

(क) "समाज" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाज सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले संस्था दर्ता ऐन, २०३४ सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले अमर ज्योति जनता माध्यामिक विद्यालय सम्झनु पर्छ ।

(घ) "पूर्व विद्यार्थी" भन्नाले उक्त विद्यालयबाट एस्.एल्.सी. पास गरेका वा एक शैक्षिक वर्ष पूरागरी सो विद्यालय छाडेका विद्यार्थी सम्झनु पर्छ ।

(ङ) "छाप" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाजको छाप सम्झनु पर्छ ।

(च) "विधान" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान सम्झनु पर्छ ।

(छ) "कार्य समिति" भन्नाले समाजको विधानअनुसार गठन भएको कार्य समिति सम्झनु पर्छ ।

(ज) "अध्यक्ष" भन्नाले समाजको अध्यक्ष सम्झनु पर्छ ।

(झ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।

(ञ) "नियम" भन्नाले विधानको अधीनमा रही बनाइएको नियम सम्झनु पर्छ ।

(ट) "विनियम" भन्नाले विधान र नियमको अधीनमा रही बनाइएको विनियम सम्झनु पर्छ ।

(ठ) "विद्यार्थी" भन्नाले अमर ज्योति जनता माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ ।

(ड) "कोष" भन्नाले समाजको कोष सम्झनु पर्छ ।

(ढ) "कार्य समितिको पदाधिकारी" भन्नाले समाजका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

३. समाजको स्थापना :

(क) "अमर ज्योति पूर्व विद्यार्थी समाज" नामक संस्था स्थापना गरिएको छ । यसलाई अंग्रेजीमा "Society of Amar Jyoti Alumni", छोटकरीमा "SAJA" भनिनेछ ।

(ख) समाज एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ । यसलाई व्यक्तिसरह आफ्नोतर्फबाट मुद्दा चलाउन वा आफूउपर परेको मुद्दामा प्रतिवाद गर्न अधिकार हुनेछ ।

४. समाजको छाप :

अनुसूची १ मा दिइएबमोजिम समाजको एक छुट्टै छाप हुनेछ ।

५. समाजको कार्यालय :

समाजको मुख्य कार्यालय ~~बिजुलीबजार,~~ काठमाडौंमा र सम्पर्क कार्यालय लुइंटेल, गोरखामा रहनेछ । आवश्यकताअनुसार स्वदेश तथा विदेशका अन्य स्थानहरुमा पनि समाजको शाखा कार्यालय खोल्न सकिनेछ ।

परिच्छेद २

६. उद्देश्य :

समाजका उद्देश्यहरु निम्नबमोजिम रहेका छन् :

(क) विद्यालयको क्षमता अभिवृद्धि गरी अविच्छिन्न रुपमा गुणस्तर कायम राख्न आवश्यक पर्ने आर्थिक, भौतिक र शैक्षिक पूर्वाधारको विकासको लागि सक्रिय सहयोग जुटाउने ।

(ख) पूर्व विद्यार्थीहरु र विद्यालयबीच पारस्परिक सम्पर्क र सद्भाव अभिवृद्धि गर्ने ।

(ग) ग्रामीण परिवेशमा सर्वसुलभ र गुणस्तरीय शिक्षालाई "अमर ज्योति" शिक्षा दर्शनको रुपमा व्यापक प्रचारप्रसार गर्ने गराउने ।

७. सदस्यका प्रकार र सदस्यता शुल्क :

समाजमा देहायबमोजिमका सदस्यहरु रहने छन् ।

(क) संस्थापक सदस्य :

समाजको ~~स्थापनार्थ सम्पन्न भएको शुरु भेलामा सहभागी भई संस्था दर्तासंगसंगै~~ सदस्यता प्राप्त गर्ने ~~पूर्व विद्यार्थीहरु~~ समाजको संस्थापक सदस्य हुनेछन् ।

(ख) साधारण सदस्य :

विद्यालयबाट एस्.एल्.सी. पास गरेका व्यक्तिहरुले संस्था दर्ता पश्चात् सदस्यता लिएमा साधारण सदस्य हुनेछन् ।

(ग) सहयोगी सदस्य :

कम्तिमा एक शैक्षिक वर्ष पूरा गरी विद्यालय छाडेका व्यक्ति सहयोगी सदस्य बन्न सक्नेछन् ।

(घ) आजीवन सदस्य :

समाजलाई सहयोगस्वरुप ने.रु. १,५००।– प्रदानगर्ने ~~पूर्व विद्यार्थीलाई~~ आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

(ङ) मानार्थ सदस्य :

समाजको कोषलाई ने.रु. २५,०००।- वा सो भन्दा माथिको रकम प्रदान गर्ने महानुभाव तथा विद्यालयको विगत तथा वर्तमानसंग घनिष्ट रुपले संबद्ध शुभेच्छुकहरुलाई कार्य समितिको निर्णयद्वारा मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । तर, मानार्थ सदस्यलाई मत दिने अधिकार हुनेछैन ।

८. सदस्य हुनको लागि योग्यता :

(क) विद्यालयको पूर्व विद्यार्थी भई समाजको उद्देश्यअनुसार कार्यगर्न इच्छुक भएको;
(ख) दफा ७ को (क), (ख) र (ग) बमोजिमका सदस्य हुनका लागि सदस्यता शुल्क रु. १५०।– र प्रत्येक वर्ष नवीकरण शुल्क रु. १००।– तिरेको;
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको;
(घ) सामाजिक संघ-संस्थाको सम्पत्ति हिनामिना नगरेको;
(ङ) १६ वर्ष उमेर पूरा भएको;
(च) मगज नबिग्रेको; र
(छ) टाट नउल्टेको ।

९. सदस्यता कायम नरहने अवस्था :

निम्न अवस्थामा समाजको सदस्यता समाप्त हुनेछ :

(क) समाजको हितविरुद्ध कार्यगरेको भनी कार्य समितिको बहुमतले प्रस्ताव पारित गरेमा ।
(ख) सदस्यको मृत्यु भएमा ।
(ग) सदस्यता नवीकरण नगराएमा ।
(घ) समाजको सदस्यबाट राजीनामा दिएमा ।

खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि सदस्यलाई सफाइको उचित अवसर दिइनेछ र मनासीव स्पष्टीकरण पेश भएमा पुनः सदस्यता कायम गर्न सकिनेछ । त्यस्तै खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि जरिवाना सहितको बांकीबक्यौता शुल्क बुझाएमा सदस्यता पुनः कायम हुन सक्नेछ ।

परिच्छेद ३

कार्य समिति र साधारण सभा

१०. कार्य समितिको गठनविधि :

(क) समाजका सदस्यहरुबाट निर्वाचित व्यक्ति कार्य समितिमा रहनेछन् ।
(ख) दफा ७ (क), (ख) र (घ) बमोजिमका सदस्यहरुमध्येबाट ९ जना र दफा ७ (ग) बमोजिमका सदस्यहरुमध्येबाट २ जना गरी जम्मा ११ जनाको कार्य समिति रहनेछ ।
(ग) खण्ड (ख) अनुसार सहयोगी सदस्यहरुमध्येबाट कार्य समितिको सदस्य पदमा उम्मेदवारी नपरेमा वा एक मात्र उम्मेदवारी परेमा त्यसरी बांकी हुन आएको पदका लागि अन्य सदस्यहरुले उम्मेदवारी दिन सक्नेछन् ।
(घ) अन्य सदस्यहरुले सहयोगी सदस्यहरुमध्येबाट उठेका उम्मेदवारलाई र सहयोगी सदस्यहरुले अन्य सदस्यहरुमध्येबाट उठेका उम्मेदवारलाई मतदिन पाउनेछैनन् ।
(ङ) कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्षको निर्वाचन कार्य समितिमा निर्वाचित सदस्यहरुले आफूमध्येबाट गर्नेछन् । तर, सहयोगी सदस्यहरुमध्येबाट कार्य समितिमा निर्वाचित सदस्यहरु यी पदहरुका लागि उम्मेदवार हुन पाउनेछैनन् ।
(च) कार्य समितिको पदावधि दुई वर्षको हुनेछ ।
(छ) कार्य समितिमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह सचिव १, कोषाध्यक्ष १ र ६ जना सदस्य रहनेछन् ।
(ज) प्रथम साधारण सभा सम्पन्न नभएसम्म संस्थापक सदस्यहरुले आफूमध्येबाट तोकेका सदस्यहरु रहेको तदर्थ समितिले कार्य समितिको काम गर्नेछ ।

(झ) कुनै पदाधिकारीको पद जुनसुकै कारणले रिक्त हुनआएमा बांकी अवधिका लागि कार्य समितिको वहुमतको निर्णयद्वारा कार्य समितिको कुनै सदस्यलाई रिक्त पदमा पदस्थापन गरी समाजको कार्य संचालन गर्न सकिनेछ ।

११. कार्य समितिको बैठक :

(क) कार्य समितिको बैठक साधारणतया वर्षको तीनपटक बस्नेछ । तर कुनै दुई बैठक बीचको अवधि ६ महिनाभन्दा बढी हुनेछैन ।
(ख) अध्यक्षको निर्देशनमा सचिवले बैठक बोलाउनेछन् ।
(ग) बैठकको मितिभन्दा कम्तिमा ७ दिन पूर्व उपयुक्त संचार माध्यमबाट बैठकबारे जानकारी गराइनेछ । तर असाधारण अवस्थामा ४८ घण्टाको पूर्व सूचनाद्वारा बैठक बोलाउन सकिनेछ ।
(घ) बैठक संचालन गर्न कार्य समितिका वहुमत सदस्यहरुको उपस्थिति आवश्यक हुनेछ ।
(ङ) कार्य समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ।

१२. कार्य समितिको काम कर्तव्य र अधिकार :

(क) विधानको प्रस्तावना र उद्देश्यमा उल्लिखित कुराहरुको प्राप्तिका लागि हरसंभव प्रयत्नशील रहने ।
(ख) विधानको परिधिभित्र रही नियम, विनियम बनाउने ।
(ग) समाजको लागि आवश्यक सहयोग जुटाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।
(घ) विद्यालयको लागि आवश्यक भौतिक सुविधा उपलब्ध गराउन प्रयत्न गर्ने ।
(ङ) समाजको सदस्यता प्रदान गर्ने ।
(च) समाजका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरबन्दी सिर्जना गर्ने र ती दरबन्दीमा कर्मचारी नियुक्त गर्ने ।
(छ) साधारण सभा र आवश्यकताअनुसार विशेष साधारण सभा बोलाउने ।
(ज) लेखा परीक्षण भएको हिसाबकिताब साधारण सभामा प्रस्तुत गर्ने ।
(झ) समाजको चलअचल सम्पत्तिको संरक्षण तथा सम्भार गर्ने ।
(ञ) समाजको तर्फबाट आवश्यकताअनुसार मुद्दा चलाउने वा प्रतिवाद गर्ने सम्बन्धमा आवश्यक कामकारवाही गर्ने ।
(ट) आवश्यकताअनुसार सल्लाहकारहरु राख्ने ।
(ठ) समाजको उद्देश्य वा विधान उल्लंघन गर्ने वा तोकिएको कार्य राम्रोसंग नगर्ने सदस्यउपर कानूनी कारवाही गरी क्षतिपूर्ति लिनु पर्ने भएमा सो असुलउपर गरी त्यस्ता सदस्यलाई पदबाट समेत हटाउने ।
(ड) अन्य आवश्यक कार्यहरु गर्ने ।

१३. कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको सदस्यता कायम नरहने अवस्था :

निम्न अवस्थामा कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको सदस्यता समाप्त हुनेछ :

(क) अध्यक्षले उपाध्यक्षमार्फत् कार्य समितिसमक्ष र कार्य समितिका अन्य पदाधिकारी एवं सदस्यहरुले अध्यक्षसमक्ष दिएको राजीनामा कार्य समितिले स्वीकृत गरेमा ।

(ख) सदस्यको मृत्यु भएमा ।

(ग) विनासूचना लगातार तीनपटकसम्म वैठकमा अनुपस्थित भएमा ।

(घ) समाजको हितविरुद्ध कार्यगरेको भन्ने प्रस्ताव साधारण सभाका दुईतिहाई सदस्यहरुले पारित गरेमा ।

१४. वार्षिक साधारण सभा :

(क) साधारण सभा वर्षको एकपटक बस्नेछ ।

(ख) वार्षिक साधारण सभा बोलाउंदा सभा बस्ने मितिभन्दा २१ दिन पूर्व उपयुक्त संचार माध्यमबाट सार्वजनिक सूचना गरिनेछ ।

(ग) सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । तोकिएको मितिमा गणपूरक संख्या नपुगी बैठक स्थगित भएमा सोको भोलिपल्ट जतिसुकै सदस्यहरु उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

१५. विशेष साधारण सभा :

विशेष कुराको निर्णय गर्नुपर्नेभएमा कार्य समितिको वहुमत वा समाजका २५% सदस्यहरुको लिखित निवेदनमा विशेष साधारण सभा बोलाइनेछ ।

१६. साधारण सभाको काम कर्तव्य र अधिकार :

(क) कार्य समितिले गरेका कार्यहरु विधानअनुरुप छन् छैनन् हेरी यथोचित सल्लाह वा सुझाव दिने ।

(ख) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको लागि ११ जना छनौट गर्ने ।

(ग) लेखा परीक्षक नियुक्त गर्ने ।

(घ) आवश्यकताअनुसार विधान संशोधन गर्ने ।

(ङ) समाजको सर्वोच्च अंगको रुपमा कार्यगर्ने तथा समाजको उद्देश्य प्राप्तिको लागि कार्यक्रम र कार्यनीति तय गर्ने ।

(च) लेखा परीक्षकको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।

(छ) कार्य समितिले पेश गरेका वार्षिक प्रतिवेदन वा बजेट पारित गर्ने ।

(ज) आवश्यकताअनुसार अन्य कार्य गर्ने ।

परिच्छेद ४

१७. कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :

(क) अध्यक्ष :

१) बैठकको अध्यक्षता ग्रहण गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।
२) आवश्यकताअनुसार सचिवलाई पत्राचार गर्न लगाउने ।
३) समाजको सम्पत्ति एंव कर्मचारीहरुको रेखदेख, नियन्त्रण र निगरानी गर्ने ।
४) अध्यक्षको हैसियतले तोकिएबमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) उपाध्यक्ष :

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।
२) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने ।

(ग) सचिव :

१) अध्यक्षको निर्देशनअनुसार बैठक बोलाउने ।
२) समाजको दैनिक प्रशासनिक कार्य संचालन गर्ने, गराउने ।
३) कार्यलयको छाप, कागजपत्र, अभिलेख आदिको जिम्मालिने तथा त्यसको संरक्षणगर्ने ।
४) पत्राचार एवं अन्य आवश्यक लेखापढी गर्ने ।
५) समाजको आवधिक प्रगति प्रतिवेदन तयार गरी साधारण सभामा पेशगर्ने ।
६) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने ।

(घ) सह सचिव :

१) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।
२) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने ।

(ङ) कोषाध्यक्ष :

१) कोषको संचालन गर्ने ।
२) समाजको सम्पूर्ण हिसाबकिताब सुव्यवस्थित ढंगले राख्ने ।

३) कार्य समितिको निर्णयअनुसार रकम खर्चगर्ने ।
४) कार्य समितिबाट माग भएका बखत हिसाबकिताब पेशगर्ने र वार्षिक साधारण सभामा समाजको आयव्ययको बजेट पेशगर्ने ।
५) तोकिए वमोजिम अन्य कार्यहरु गर्ने गराउने ।

(च) सदस्यहरु :

कार्य समितिले तोकेको जिम्मेवारी वहनगरी आवश्यकताअनुसारका कार्यहरु गर्ने ।

परिच्छेद ५

आर्थिक व्यवस्था

१८. आर्थिक कोष, स्रोत र चलअचल सम्पत्ति :

(क) समाजको नाममा बैंकमा खाता खोली एक कोष खडा गरिनेछ ।
(ख) उक्त कोषमा देहायका स्रोतहरुवाट प्राप्त रकम रहनेछन् ।
१) सदस्यता शुल्कबाट प्राप्त रकम;
२) कुनै व्यक्ति, समुदाय वा संस्थाबाट सहयोग स्वरुप प्राप्त भएको रकम;
३) श्री ५ को सरकार, समाज कल्याण परिषद् वा अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी संघसंस्थाबाट प्राप्त सहयोग, उपहार, अनुदान आदि; र
४) निश्चित उद्देश्य पूर्तिका लागि कुनै दाताबाट प्राप्त सहयोग ।
(ग) संस्थाको नाममा नगदबाहेक अन्य चलअचल सम्पत्ति पनि रहन सक्नेछ ।
(घ) संस्थाले वैदेशिक सहयोग लिनु अघि र अचल सम्पत्ती हस्तान्तरण गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिइने छ ।

१९. खाता संचालन :

अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतमा खाता संचालन गरिनेछ ।

२०. लेखा परीक्षण र विवरण पठाउने :

(क) समाजको आयव्ययको विवरण कोषाध्यक्षको जिम्मामा रहनेछ । सो विवरण कार्य समितिका कुनै पनि सदस्यले हेर्न चाहेमा निजले उपलब्ध गराउनु पर्नेछ ।
(ख) प्रत्येक आर्थिक वर्षको अन्त्यमा कानूनबमोजिम दर्ताभएको लेखा परीक्षकबाट समाजको हिसाबकिताबको लेखा परीक्षण गराउनु पर्नेछ र सो लेखा परीक्षणको प्रतिवेदन साधारण सभामा पेश गर्नुपर्नेछ ।
(ग) हरेक वर्ष साधारण सभाबाट पारित लेखा परीक्षण प्रतिवेदनको १/१ प्रति स्थानीय अधिकारीकहां तथा समाज कल्याण परिषद्मा पठाउनु पर्नेछ ।

परिच्छेद ६

२१. निर्वाचन सम्बन्धी व्यवस्था :

(क) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको छनौट निर्वाचन पक्रियाद्वारा गरिनेछ । निर्वाचनको लागि कार्य समितिले वढीमा तीनजना सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ । उक्त समितिले आफ्नो कार्यविधि आफैं तय गर्नेछ ।

(ख) समाज दर्ता भएको ६ महीनाभित्र निर्वाचित कार्य समिति गठन भइसक्नु पर्नेछ र साविक तदर्थ समितिले त्यस्तो निर्वाचित कार्य समितिको विवरण स्थानीय अधिकारी समक्ष पेश गर्नेछ ।

२२. कार्य समितिको उम्मेदवार हुनको लागि योग्यता :

(क) समाजको सदस्यता प्राप्त गरेको ।

(ख) अध्यक्ष पदको लागि २५ वर्ष र अन्य पदका लागि २१ वर्ष उमेर पूरा भएको ।

२३. अविश्वासको प्रस्ताव :

(क) कार्य समितिको कुनै पदाधिकारी वा सदस्यमाथि अविश्वासको प्रस्ताव ल्याउनको लागि सम्पूर्ण सदस्य संख्याको एकतिहाई सदस्यहरुले लिखित प्रस्ताव साधारण वा विशेष साधारण सभामा पेशगर्न सक्नेछन् ।

(ख) अविश्वासको प्रस्ताव सभामा उपस्थित सदस्य संख्याको दुईतिहाई मतले पारित गरेमा कार्य समितिका त्यस्तो पदाधिकारी वा सदस्य स्वत: पदबाट हट्नेछन् ।

(ग) एकपटक अविश्वासको प्रस्ताव ल्याइसकेपछि ६ महीना ननाघी पुन: सोही पदाधिकारी वा सदस्यका विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइनेछैन ।

(घ) अध्यक्षको विरुद्धमा पेशगरिएको अविश्वासको प्रस्तावमाथि छलफल हुने बैठकको सभापतित्व उपाध्यक्षले गर्नेछन् । उपाध्यक्षको अनुपस्थितिमा कार्य समितिको ज्येष्ठ सदस्यले त्यस्तो बैठकको सभापतित्व गर्नेछन् ।

(ङ) निर्वाचित कार्य समितिका सदस्यहरु पदस्थापन भएको छ महीना नपुगेसम्म अविश्वासको प्रस्ताव पेशगर्न पाइनेछैन ।

परिच्छेद ७

२४. कर्मचारी सम्वन्धी व्यवस्था :

(क) समाजको आवश्यकताअनुसार कार्य समितिले कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(ख) नियुक्तिको प्रक्रिया, कर्मचारीको काम, कर्तव्य र अधिकार एवं सेवाका अन्य शर्त र सुविधाहरु विधानको परिधिभित्र रही कार्य समितिले विनियम वनाई निर्धारण गर्न सक्नेछ ।

परिच्छेद ८

२५. समिति वा उपसमिति गठन गर्न सक्ने :

(क) समाजको काममा सघाउ पुऱ्याउन र आवश्यकताअनुसार कुनै खास प्रकारका समस्याहरु सुल्झाउनको निम्ति कार्य समितिले कुनै समिति वा उप-समिति गठनगर्न सक्नेछ ।

२६. अधिकार प्रत्यायोजन :

(क) कार्य समितिले विधानको अधीनमा रही आफूमा भएको सबै वा केही अधिकार कुनै समिति, उपसमिति, कार्य समितिको कुनै पदाधिकारी वा सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ । तर विधान संशोधन र समाजको सदस्यता खारेज गर्ने अधिकार प्रत्यायोजन हुन सक्नेछैन ।

(ख) खण्ड (क) बमोजिम प्रत्यायोजन गरिएको अधिकार फिर्ता लिन सकिनेछ ।

२७. बरबुझारथ :

समाजको कुनै पदाधिकारी कुनै कारणवस आफ्नो पदवाट हटेमा निजले आफू हटेको पदमा बहाल हुन आउने पदाधिकारीलाई आफ्नो जिम्मामा रहेको अभिलेख, कागजात, नगदजिन्सी आदि बरबुझारथ गर्नुपर्नेछ । नियमानुसार बरबुझारथ नगरेमा कार्यसमितिले कार्यविधि तय गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

२८. लिखत प्रमाणीकरण :

समाजको तर्फवाट गरिने सम्झौता, तमसुक, कवुलियतनामा, अधिकारपत्र आदि समाजको अधिकार प्राप्त व्यक्तिबाट लिखित रुपमा गरिनु पर्नेछ ।

२९. समाजको विघटन र परिणाम :

यो समाज कुनै पनि कारणले विघटन भएमा समाजको सबै चलअचल सम्पत्ति विद्यालयको स्वामित्वमा सर्नेछ ।

३०. नियम, विनियम बनाउने अधिकार :

विधानको परिधिभित्र रही समाजको उद्देश्य प्राप्तिको लागि कार्य समितिले साधारण वा विशेष साधारण सभाबाट अनुमोदन गराई नियम, विनियम बनाउन सक्नेछ ।

३१. विधान संशोधन :

समाजको विधान संशोधन गर्नु परेमा कार्य समितिले पेश गरेको संशोधन प्रस्तावलाई साधारण सभाको उपस्थितिको दुईतिहाई बहुमतले पारित गर्नुपर्नेछ । त्यस्तो संशोधन सम्बन्धित निकायको स्वीकृति प्राप्त भएपछि मात्र लागू हुनेछ ।

३२. निष्कृयता :

यस विधानमा उल्लेख भएका कुरा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन् । विधानमा नलेखिएका कुराहरुको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।


३३. विविध :- यो संस्था कुनै राजनीतिक वा धार्मिक उद्देश्यले प्रेरित भै कार्य गर्ने छैन ।

(*) चिन्हले समाजको प्रथम साधारण सभाबाट मात्र संशोधन गर्नुहुने ।

अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान, २०५६

अनुसूची - १

अमर ज्योति पूर्व विद्यार्थी समाजको छाप निम्न बमोजिम हुनेछ।



दफा ~~[illegible]~~ - (१) परिच्छेद ६.१० (ज) प्रथक साधारण सभा सम्पन्न भई सकेपछि समितीमा उपर्युक्त सदस्य स्वतः निष्कृय भएको निर्णय लिने।

(२) परिच्छेद ६.१० (क) बमोजिम साधारण सभा सम्पन्न भई सकेपछि समितीमा उपर्युक्त सदस्य स्वतः निष्कृय भएको निर्णय लिने।